रघुगंगा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मौवाफाँट, म्याग्दी

२०७३

पत्र संख्याः- २०८०/८१

च.न :-

गण्डकी प्रदेश, नेपाल

मितिः२०८१/०२/०६

## रैथाने बाली प्रबर्द्धन कार्यक्रम सम्बन्धी सूचना।।।

(दोस्रो पटक प्रकाशित मितिः २०८१/०२/०६)

रघुगंगा गाउँपालिका कृषि विकास शाखाको आ.व.२०८०/८१ तर्फको स्वीकृत कार्यक्रम रैथाने बाली प्रवर्द्धन यस गाउँ कार्यपालिकाको निर्णय अनुसार ५ रोपनी भन्दा बढी जमिनमा कोदो तथा मकै खेती गर्ने कृषकहरु लाई प्रति रोपनी रु ३,०००/-का दरले प्रोत्साहन अनुदान प्रदान गरिने भएकाले, कृषि फर्म तथा कृषक समूह दर्ता गरी स्थायी लेखा नं लिएका ईच्छुक कृषकहरुले निम्न अनुसारको कागजात संग्लन राखी मिति २०८१/०२/११ गते (६ दिन भित्र) भित्र कार्यालय समयमा यस गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :

१) कृषि फर्म/कृषि समूह दर्ता तथा नविकरण गरिएको प्रमाणपत्र र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

२) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि

३) खेती गर्ने जमिनको जग्गाधनी पुर्जाको प्रतिलिपि

५) जग्गा भाडामा लिएको भए सम्झौताको प्रतिलिपि

६) सम्बन्धित वडा कार्यालयको सिफारिस

७) तोकिएको ढाँचा बमोजिमको निवेदन/विवरण

थप जानकारीका लागि

सम्पर्क नः ९८६९९७८१५७, ९८५७६४८६२४

२०८१/२/१५

पदम बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत